दोलखा जिल्ला अदालत
चरिकोट, दोलखा

फोन नं.०४९-४२१८२४
फ्याक्स नं.०४९-४२१८२४

**शिलबन्दीबोलपत्रआव्हानको सूचना**

प्रथम पटक प्रकाशितमिति:२०७४।०१।१५

यस अदालत अर्न्तगत निम्नानुसारका निर्माण कार्यहरु शिलवन्दी बोलपत्रको माध्यमवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट ईजाजतप्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्नशर्तहरुको अधिनमा रही रित पुर्वकको शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

१.बोलपत्र फाराम यस कार्यालयवाट सूचना प्रकाशन भएको मितिले ३० औ दिनसम्म कार्यालय समय भित्र प्रोप्राइटर वा निजको अधिकार प्राप्त प्रतिनिधिवाट रु.३०००।- (पछि फिर्ता नहुने गरी) दस्तुर तिरी बोलपत्र खरीद गर्न सकिने छ ।

२.बोलपत्र खरिदका लागि निवेदन पेश गर्दा निवेदन साथ उद्योग दर्ता प्रमाणपत्र, ठेक्का (ईजाजत प्रमाणपत्र नविकरण भएको), आयकरको स्थायी लेखानम्वर, मूल्यअभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र र गतआ.व.२०७२/०७३को कर चुक्ताको प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित गरेको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३.खरिद भएको बोलपत्र फाराममा उल्लेख भएका सवै विवरणहरु प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र यस अदालतमा दाखिला गर्न सकिने छ । दाखिला हुने बोलपत्रहरु सोही दिन दिनको १.०० वजे यस अदालतमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्रदाताले प्रत्यक्ष दर्ता माध्यमवाट मात्र बोलपत्र पेश गर्नुपर्नेछ ।

४.बोलपत्र खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

५.बोलपत्र फाराम कोष तथा लेखा नियन्त्रक कार्यालय दोलखा र यस अदालतवाट खरिद गर्न सकिनेछ र शिलवन्दी बोलपत्र दाखिला यस अदालतमा मात्र गर्न सकिनेछ । अन्य कार्यालयमा पेश गरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

६.बोलपत्र खाम वाहिर ठेक्कानम्बर, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं.(घरको, मोवाईलको) स्पष्ट खुलाई यस अदालतलाई सम्वोधन गरी सो खामलाई शिलवन्दी गरी पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र, बोलपत्र खोलिएको मितिवाट ९० दिन अवधिका लागि मान्यहुनेछ ।

७.बोलपत्रसाथ धरौटी/जमानत वापत तपशिल बमोजिमको रकम नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. १३००२००००००००००००३३ मा बोलपत्रदाताको नामवाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस अदालतको नाममा जारी गरिएको नेपाल सरकारवाट मान्यताप्राप्त बाणिज्य बैकहरुवाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस) दिन म्याद भएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

८.बोलपत्रदाताले दररेट उल्लेख गर्दा मूल्यअभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

९. बोलपत्रदाताले पेश गरेको बोलपत्र निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी बुझी बोलपत्र भरी पेश गरेको मानिने छ ।

१०.एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

११.संयुक्त उपकम (जे.भी.) मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्वन्धी सम्झौता सक्कल प्रति पेश गर्नुपर्नेछ । संयुक्त उपकममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन । एक बोलपत्रदाताले संयुक्त उपकमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एक मात्र बोलपत्र पेश गर्न सक्नेछ ।

१२.कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, अदालतवाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको,म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

१३. यस सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४(संम्सोधन समेत) एवं प्रचलित ऐन नियमअनुसार हुने छ ।

बैंकको नाम :- नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखा
कार्यालय कोड नं. २२-२०४-०१ | राजश्वशिर्षक नं. :- १४२२७
कार्यालय खाता नं.:- क-१-१-१-०४ | कार्यालयको नाम :- दोलखा जिल्ला अदालत

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागतअनुमान रकम (कन्टिन्जेन्सी र भ्याट बाहेक) रु | धरौटी रकमरु | बोलपत्र फारमको मूल्य रु. |
|---|---|---|---|---|---|
| १ | DDC/Dolakha/Works/NCB/073-74/01 | Construction of District court judicial police Barrack ,charikot, Dolakha | ८५८२८३४।१४ | २४००००।०० | ३०००।- |

श्रेस्तेदार(शाखा अधिकृत)